धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद महाशाखा
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- २०७८/०७९
चलानी नम्बर :- ४८२

मिति :- २०७९।०२।०९

## कक्षा ८ को परीक्षाको नतिजा प्रकाशन सम्बन्धि सूचना !

यस उप-महानगरपालिकाको आधारभूत तह (कक्षा-८) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९।०२।०९ को बैठकबाट शैक्षिक सत्र २०७८ को आधारभूत तह (कक्षा-८) को परीक्षाको नतिजा कृपाङ्क (Grace Mark) सहित संशोधन गरी प्रकाशन गर्ने निर्णय भए बमोजिम महाशाखाबाट नतिजा संशोधन गरी iemis.cehrd.gov.np मा प्रविष्टी गरिएकोले सम्बन्धित विद्यालयहरुले देहाय बमोजिम गर्नु गराउनु हुन यसै सूचनाद्वारा अनुरोध छ।

नरेन्द्र बहादुर खाती
उपसचिव

देहाय :

१. यस महाशाखाको मिति २०७८।०१।२६ को च.नं. ४८०, कक्षा ८ को परीक्षाको नतिजा सम्बन्धमा विषयको पत्र बमोजिम विद्यालयले Grade Ledger प्राप्त गरी आफ्नो विद्यालयको कक्षा ८ को बार्षिक परीक्षा २०७८ को नतिजा अध्ययन गर्ने।
२. विद्यालयले नतिजाको जानकारी सूचनाद्वारा सम्बन्धित विद्यार्थीहरुलाई गराउने।
३. नतिजामा सफल भएका विद्यार्थीले कक्षा ८ अध्ययन गरिरहेकै विद्यालयमा भर्ना हुन चाहेमा सोही नतिजाका आधारमा भर्ना गर्ने।
४. नतिजामा सफल भएका विद्यार्थी कक्षा ८ अध्ययन गरिरहेको विद्यालय भन्दा अन्य विद्यालयमा अध्ययन गर्न चाहेर स्थानान्तरण प्रमाण पत्र माग गरेमा हाललाई सोही नतिजाका आधारमा स्थानान्तरण पत्र तथा ग्रेडलेजर प्रमाणित गरी उपलब्ध गराउने।
५. पुनर्योगका सम्बन्धमा मिति २०७९।२।०९ मा प्रकाशित कक्षा ८ को परीक्षाको नतिजा पुनर्योग सम्बन्धि सूचना बमोजिम गर्ने, गराउने व्यवस्था मिलाउने।
६. ग्रेडवृद्धि परीक्षा सम्बन्धमा मिति २०७९।०२।०९ मा प्रकाशित कक्षा ८ को परीक्षाको ग्रेडवृद्धि परीक्षा सम्बन्धि सूचना बमोजिम गर्ने, गराउने व्यवस्था मिलाउने।
७. ग्रेडसिट र प्रमाण पत्रका लागि महाशाखाका प्राविधिक सहायक श्री भोज बहादुर बोहरा [मोबाइल नम्बर 9864973083] संग सम्पर्क गर्ने।
८. ग्रेडसिटका लागि सम्पर्क गर्दा कुनै विद्यार्थीको विवरण सच्याउनु पर्ने भएमा सच्याउनु पर्ने विवरण सहित सम्पर्क गर्ने।

बोधार्थ :
श्री सञ्चार तथा सूचना प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनु हुन।

# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद महाशाखा

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- २०७७/०७८
चलानी नम्बर :- ४८३

मिति :- २०७९।०२।०९

**कक्षा ८ को परीक्षाको नतिजा पुनर्योग सम्बन्धि सूचना !**

यस उप-महानगरपालिकाको आधारभूत तह (कक्षा-८) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९।०२।०९ को निर्णयानुसार शैक्षिक सत्र २०७८ सालको आधारभूत तह (कक्षा-८) को परीक्षाको अन्तिम नतिजामा चित्त नबुझी पुनर्योग गराउन चाहने परीक्षार्थीहरुको हकमा देहाय बमोजिम गर्ने गराउने निर्णय भएकोले शैक्षिक सत्र २०७८ मा कक्षा ८ को वार्षिक परीक्षामा विद्यार्थी सहभागी गराएका र उत्तरपुस्तिका परीक्षण केन्द्र रहेका विद्यालयहरुले सोही बमोजिम गरी गराई पठाउन हुन यसै सूचनाद्वारा अनुरोध छ।

नरेन्द्र बहादुर खाती
उपसचिव

देहाय :

१. यस महाशाखाको मिति २०७८।०१।२६ को च.नं. ४८०, कक्षा ८ को परीक्षाको नतिजा सम्बन्धमा विषयको पत्र बमोजिम विद्यालयले Grade Ledger प्राप्त गरी आफ्नो विद्यालयको कक्षा ८ को बार्षिक परीक्षा २०७८ को नतिजा अध्ययन गर्ने।
२. विद्यालयले नतिजाको जानकारी सूचनाद्वारा सम्बन्धित विद्यार्थीहरुलाई गराउने।
३. विद्यालयले सूचना गरेको नतिजामध्ये सैद्धान्तिक तर्फको नतिजामा चित्त नबुझेका विद्यार्थीले नतिजा पुनर्योगका लागि पुनर्योग गराउन चाहेको प्रति विषय रु. १००।– का दरले नगदै बुझाई सम्बन्धित विद्यालयमा २०७९।२।२७ गतेभित्र निवेदन दिने।
४. विद्यालयले देहायको ढाँचामा विवरण तयार पारी पुनर्योगका लागि पेश भएका निवेदनहरु सम्बन्धित उत्तरपुस्तिका परीक्षण केन्द्रमा २०७९।२।३० गतेभित्र पेश गर्ने।

| क्र.सं. | इमिस कोड | विद्यार्थीको नाम | विद्यालयको ग्रेड लेजरमा उल्लेख भएको प्राप्ताङ्कको ग्रेड (Grade) को विवरण | | | | | | | | | पुनर्योग गर्न चाहेको विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | अँग्रेजी | गणित | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | विज्ञान तथा वातावरण शिक्षा | स्वास्थ्य तथा शारीरिक शिक्षा | पेसा, व्यवसाय र प्रविधि शिक्षा | नैतिक शिक्षा | कम्प्युटर शिक्षा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

५. उत्तरपुस्तिका परीक्षण केन्द्रले सम्बन्धित विद्यालयबाट प्राप्त विवरण र विवरण अनुसार पुनर्योग गर्नु पर्ने विषयको उत्तरपुस्तिका सहित २०७९।२।३१ गतेभित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा पठाउने।
६. महाशाखाले उत्तरपुस्तिका परीक्षण केन्द्रबाट विवरण तथा उत्तरपुस्तिका प्राप्त हुने वित्तिकै पुनर्योग गरी नतिजा प्रकाशन गर्ने।

पुनश्चय :

१. म्याद नाघी आएका, तोकिएको ढाँचामा विवरण पेश नभएका र उत्तरपुस्तिका परीक्षण केन्द्रबाट उत्तरपुस्तिका प्राप्त नभएका विद्यार्थीहरुको विवरण पुनर्योगमा समावेश गरिने छैन।
२. विद्यालय र उत्तरपुस्तिका परीक्षण केन्द्रबाट माथि उल्लेखित समय भन्दा अगावै विवरण तथा उत्तरपुस्तिका प्राप्त भएमा महाशाखाले तोकिएको मिति अगावै समेत पुनर्योगको नतिजा प्रकाशन गर्न सक्नेछ।
३. यस सम्बन्धि थप जानकारी महाशाखाका प्राविधिक सहायक श्री भोज बहादुर बोहरा [मोबाइल नम्बर 9864973083] मा सम्पर्क गरी लिन सकिनेछ।

बोधार्थ :

श्री सञ्चार तथा सूचना प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनु हुन।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद महाशाखा
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- २०७७/०७८
चलानी नम्बर :- ४८४

मिति :- २०७९।०२।०९

## कक्षा ८ को परीक्षाको ग्रेडवृद्धि परीक्षा सम्बन्धि सूचना !

यस उप-महानगरपालिकाको आधारभूत तह (कक्षा-८) परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९।०२।०९ को निर्णयानुसार शैक्षिक सत्र २०७८ सालको आधारभूत तह (कक्षा-८) को परीक्षाको अन्तिम नतिजामा सैद्धान्तिक तर्फ बढीमा २ विषयमा NG ग्रेड कायम भएका विद्यार्थीहरुले ग्रेडवृद्धि परीक्षामा सहभागी हुन चाहेमा देहाय बमोजिम गर्ने गराउने निर्णय भएको व्यहोरा यसै सूचनाद्वारा जानकारीका लागि अनुरोध छ।

नरेन्द्र बहादुर खाती
उपसचिव

देहाय :

१. यस महाशाखाको मिति २०७८।०१।२६ को च.नं. ४८०, कक्षा ८ को परीक्षाको नतिजा सम्बन्धमा विषयको पत्र बमोजिम विद्यालयले Grade Ledger प्राप्त गरी आफ्नो विद्यालयको कक्षा ८ को बार्षिक परीक्षा २०७८ को नतिजा अध्ययन गर्ने।

२. विद्यालयले नतिजाको जानकारी सूचनाद्वारा सम्बन्धित विद्यार्थीहरुलाई गराउने।

३. विद्यालयले सूचना गरेको नतिजामध्ये सैद्धान्तिक तर्फ बढीमा २ विषयमा NG ग्रेड भएका विद्यार्थीहरुले ग्रेडवृद्धि परीक्षामा सहभागी हुन चाहेमा प्रति विषय रु. २५०।– का दरले नगदै बुझाई सम्बन्धित विद्यालयमा २०७९।२।१७ गतेभित्र निवेदन दिने।

४. विद्यालयले देहायको ढाँचामा विवरण तयार गरी ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पेश भएका निवेदनहरु २०७९।२।१९ गतेभित्र महाशाखामा पेश गर्ने।

| क्र.सं. | इमिस कोड | विद्यार्थीको नाम | विद्यालयको ग्रेड लेजरमा उल्लेख भएको प्राप्ताङ्कको ग्रेड (Grade) को विवरण | | | | | | | | | ग्रेडवृद्धि गर्न चाहेको विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | अँग्रेजी | गणित | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | विज्ञान तथा वातावरण शिक्षा | स्वास्थ्य तथा शारीरिक शिक्षा | पेसा, व्यवसाय र प्रविधि शिक्षा | नैतिक शिक्षा | कम्प्युटर शिक्षा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

५. श्री पञ्चोदय मावि, धनगढी-५, हसनपुर, कैलालीमा २०७९।२।२१ गते देखि महाशाखाले जारी गरेको परीक्षा तालिका सम्बन्धि सूचना बमोजिम ग्रेडवृद्धि परीक्षा सञ्चालन हुने।

६. ग्रेडवृद्धि परीक्षा सम्बन्धि थप जानकारी परीक्षा तालिका सम्बन्धि सूचनासंगै गराईने।

बोधार्थ :

श्री सञ्चार तथा सूचना प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनु हुन।

श्री पञ्चोदय मावि, हसनपुर, कैलाली : ग्रेडवृद्धि परीक्षाको पूर्व तयारी गर्नु हुन।